## मिति २०७८।४।११ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।८९ बैठक क्र.सं.-१

आज मिति २०७८।४।११ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवं गाउँ कार्यपालिकाका अध्यक्ष श्री खगेद्रप्रसाद तिवारीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र प्रसाद तिवारी | अध्यक्ष पैंयू गाउँपालिका पैंयू | अध्यक्ष | |
| २ | श्री जसमति गुरुङ्ग | उपाध्यक्ष पैंयू गाउँपालिका पैंयू | सदस्य | |
| ३ | श्री पिताम्वर भुसाल | वडा अध्यक्ष १ नं. वडा कार्यालय | सदस्य | |
| ४ | श्री भिमसेन गुरुङ्ग | वडा अध्यक्ष २ नं. वडा कार्यालय | सदस्य | |
| ५ | श्री विष्णुप्रसाद काफ्ले | वडा अध्यक्ष ३ नं. वडा कार्यालय | सदस्य | |
| ६ | श्री महेन्द्रकुमार श्रेष्ठ | वडा अध्यक्ष ४ नं. वडा कार्यालय | सदस्य | |
| ७ | श्री उमाकान्त भुर्तेल | वडा अध्यक्ष ५ नं. वडा कार्यालय | सदस्य | |
| ८ | श्री थानेश्वर तिवारी | वडा अध्यक्ष ६ नं. वडा कार्यालय | सदस्य | |
| ९ | श्री भिमबहादुर गुरुङ् | वडा अध्यक्ष ७ नं. वडा कार्यालय | सदस्य | |
| १० | श्री कोपिला थापा | सदस्य (महिला) ३ नं. वडा कार्यालय | सदस्य | |
| ११ | श्री जसमाया गुङ्ग | सदस्य (महिला) ७ नं. वडा कार्यालय | सदस्य | |
| १२ | श्री रमा न्यौपाने | सदस्य (महिला) ६ नं. वडा कार्यालय | सदस्य | |
| १३ | श्री रुका न्यौपाने | सदस्य (महिला) १ नं. वडा कार्यालय | सदस्य | |
| १४ | श्री खैसरा घर्ती | सदस्य अल्प संख्यक २ नं. वडा कार्यालय | सदस्य | |
| १५ | श्री सुनिता बि.क. सुनार | सदस्य (दलित) ३ नं. वडा कार्यालय | सदस्य | |
| १६ | श्री केशव लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | स.सचिव | |
| १७ | श्री सरोज पराजुली | लेखा शाखा प्रमुख | अन्य उपस्थिति | |
| १८ | श्री कृष्ण प्रसाद भुर्तेल | का.बा. वडा अध्यक्ष वडा नं. ५ | | |
| | | | | |

मिति २०७८।४।११ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।८९ बैठक क्र.सं.-१

**निर्णयहरु:**

१. जिल्ला प्रशासन कार्यालयको च.नं. १२५ मिति २०७८।४।११ गतेको विवरण उपलब्ध गराउने विषयको पत्र बैठकमा पेशभइ छलफल भयो। सो सम्वन्धमा माग भए बमोजिम यस वर्षमा मनसुनजन्य विपद्बाट पूर्ण क्षति र आंशिक क्षति भएका घरहरुको विवरण यथाशीघ्र संकलन गरि पठाउने। हाल मनसुनको समय रहेको र यस समयमा बाढी, पहिरोको सम्भावना बढी हुने गरेकोले बाढी पहिरोबाट मानविय तथा भौतिक क्षति हुन नदिन विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि उपलब्ध साधन स्रोत तथा जनशक्तिलाई अधिक्तम परिचालन गर्ने/ गराउने।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट **लोक सेवा आयोगबाट सिफारिस भइ स्थायी नियुक्ति भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याँङ्कनको लागि अर्को ब्यवस्था नभए सम्म संलगन् ढाँचा/नमुना बमोजिमको फारमलाई कार्यपालिकाबाट स्वीकृत गराइ भर्ने ब्यवस्था मिलाउनु हुन** भनी लेखी आए बमोजिम प्राप्त संलग्न ढाँचा/नमुनाको विषय पेश भयो। पेश भए बमोजिम संलग्न ढाँचालाई स्वीकृत गरियो।

३. यस पैंयू गाउँपालिकालाई संघीय संसद सचिवालयबाट केही वर्ष अगाडी प्राप्त भएको चार पांग्रे स्कार्पियो गाडी पटक पटक मर्मत गर्दा पनि नियमति रुपमा सञ्चालनमा ल्याउन नसकिएको र यस पालिकामा हाल १ मात्र चार पाँग्रे सवारी साधन रहेकोले कठिन भौगोलिक धरातल लगायतका कारण स्थानीय सेवा प्रवाहमा समेत कठिन भएको साथै नयाँ गाडी खरिद गर्न यस पालिकाको आन्तरिक आय पनि न्यून रहेकोले १ (एक) चार पांग्रे सवारी साधन हस्तान्तरण गर्दा लाग्ने सुराकी, पुरस्कार तथा पासखर्च गाउँपालिकाबाट बेहोर्ने गरी सम्वन्धित निकायमा माग गर्ने।

४. यस गाउँपालिकाको वडा नं. ७,६,४,३,२,१ को क्षेत्रमा पर्ने गरी बग्ने सेतीखोलामा बर्षातको समयमा पानीको बहाव बढी हुने र उक्त खोलाको आसपासमा बाक्लो मानव वस्ती रहेको साथै यस गाउँपालिकाको निर्माणाधिन प्रमुख प्रशासकीय भवनसमेतलाई मध्येनजर गर्दा उक्त खोलाबाट हुन सक्ने सम्भाव्य जोखिमलाई न्यूनिकरण गर्न उक्त खोलामा तटबन्ध गर्न तत्काल अत्यावश्यक रहेकोले खोला तटबन्ध गर्न लाग्ने आवश्यक पर्ने बजेट ब्यवस्थापनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई अनुरोध गर्ने।

५. पवित्रधाम सेतीबेनी कालीगण्डकी नदी यस पैंयू क्षेत्रबासीको अन्तिम मृत्युसस्कार स्थल समेत भएको र विश्वकै ठूलो शालिग्राम रहेको स्थान सेतिवेनी बजारमा वर्षेनि वर्षातको समयमा कालीगण्डकीमा आएको बाढीले क्षति पऱ्याउदै आएकोमा २०७८।०३।१ र २ गते को बाढीको कारणले सेतीवेनी बजारका करिव १५ घर बगाएको, पाटिपौवा र वेद वेदान्त संस्कृत विद्यालयमा क्षति पुऱ्याउको हुदा सेतीवेनीको संरक्षणको ब्यवस्था मिलाईदिनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई अनुरोध गर्ने।

२४

मिति २०७८।४।११ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।७९ बैठक क्र.सं.-१

६. तपसिल बमोजिमका योजनाहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशमा माग गर्नेः

क. भोर्ले ग्यामी मोटरेवल पुल वडा नं.-७

ख. त्रिवेणी बेहुलीवास मोटरेवल पुल वडा नं.- २ र ३

ग. पालुस्थान पैंयूकोट पदमार्ग वडा नं. ३

७. तपसिल बमोजिमका योजना स्थानीय पूर्वाधार विकास विभाग/डोली -संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्नेः-

क. रातो छहरा मोटरेवल पुल

ख. चिसापानी घाट मोटरेवल पुल वडा नं. ५

ग. सेतीखोला दाङ्गसिङ्ग मोटरेवल पुल वडा नं. ७

घ. मानीचौर शिवपुरी धाम मोटरेवल पुल वडा नं. ३

ङ. अर्वालुङ्ग खोला सिम्ले मोटरेवल पुल वडा नं. ७

८. कोभिड- १९ रोगको संक्रमणका कारण लामो समयदेखि बन्द रहेका सरकारी तथा सामुदायिक स्कुलहरु कोभिड १९ विरुद्ध उच्च स्वास्थ्य सुरक्षा सर्तकता अपनाउदै मिति २०७८।४। १७ गते देखि कक्षा १ देखि ७ सम्म टोल शिक्षा र कक्षा ८ देखि १२ सम्म अनलाइन/भर्चुवल माध्यमबाट कक्षा सञ्चालन गर्ने ब्यवस्था मिलाउन सम्वन्धित विद्यालयलाई जानकारी गराउने।

९. निर्माणाधिन प्रमुख प्रशासकीय भवन स्थलमा घेरावार गर्ने ब्यवस्था मिलाउने।